## मिति २०७५।१०।२३ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय

१) २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त भई नयाँ निर्माण गरिएको नगरपालिका भवनमा २०७५।१०।२३ देखि विधिवत कार्य सञ्चालन भएको हुँदा नव निर्मित भवनको निर्माण कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने निर्माण व्यवसायी, जनप्रतिनिधि तथा कर्मचारीहरु लगायत सबैमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

२) इलाम नगरपालिका, ७ नं. वडा कार्यालय कुलधारा, इलामको च.नं. ५९१ मिति २०७५।१०।१५ को योजना परिवर्तन सम्बन्धी पत्रानुसार चालु आ.ब. २०७५।०७६ को योजना किताबको सि.नं. १०१/३११७१ को अवालेगोलाइ गरिमा टोल सडक योजनालाई परिवर्तन गरी अवालेगोलाइ शोभाकर निरौलाको घरछेउबाट बरको रुख, अवालेगोलाइ इलाम न.पा. वार्ड नं. ७ र ८ को सिमानासम्मको बाटो निर्माण योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

३) इलाम नगरपालिकाअन्तर्गत निम्नानुसार नगर प्रहरी करारमा पदपूर्तिका लागि मिति २०७५।१०।२१ मा सूचना प्रकाशन भएको र इलाम नगरपालिका, नगर प्रहरी ऐन, २०७५ को दफा ३६ अनुसार सो पदहरुको तलवभत्ता नगरपालिकाबाट निर्धारण भए बमोजिम हुने भएकोले सो पदहरुको मासिक पारिश्रमिक सुविधा निम्न अनुसार तोक्ने निर्णय गरियो ।

निम्न :

| सि.नं. | पद | तह | मासिक पारिश्रमिक |
|---|---|---|---|
| १ | नगर प्रहरी नायव निरीक्षक | पाँचौ | २२०००।०० (बाइसहजार) |
| २ | नगर प्रहरी सहायक निरिक्षक | चौथो | २००००।०० (बिसहजार) |
| ३ | नगर प्रहरी जवान | दोश्रो | १५०००।०० (पन्ध्रहजार) |
| ४ | हलुका सवारी चालक | श्रेणीविहीन | १५०००।०० (पन्ध्रहजार) |

४) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह कर्मचारी प्रशासन शाखाको च.नं. ३०७९ मिति २०७५।१०।९ मासिक डोर तथा ज्यालादारी कर्मचारीहरु सम्बन्धी परिपत्र र च.नं. ४६ मिति २०७५।१०।१५ को ३१ बुँदे सुझाव सम्बन्धी परिपत्र बैठकमा जानकारी भई ३१ बुँदे सुझाव सम्बन्धमा तत्काल निम्नानुसार गर्ने निर्णय गरियो ।

निम्न :

(क) उल्लिखित पत्रको बुँदा नं ४ को प्रदूषण शुल्कको सम्बन्धमा २०७५ फागुन १ गतेदेखि सो शुल्क असुली बन्द गरी आगामी नगर सभाबाट अनुमोदन गराउने ।

(ख) घर बहाल करलाई आगामी आर्थिक वर्षदेखि ७ प्रतिशतबाट १० प्रतिशतमा बृद्धि गरी कार्यान्वयन गर्ने ।

(ग) जल विद्युत कम्पनीको नक्सापास दस्तुर तथा ढुंगा गिटी बालुवा सेवा शुल्क असुलीमा सम्बन्धित पक्षलाई ताकेता गर्ने ।

(घ) नगरपालिकाको व्यवसाय दर्ता प्रक्रिया र पान नम्बर अनिवार्यताका लागि करदाता सेवा कार्यालयसँग सहयोगको आदानप्रदान गर्ने ।

(ङ) पार्किङ्ग सेवा शुल्कको दरमा पुनरावलोकन तथा राजश्व सम्बन्धी सुझावका लागि ५ नं. वडाध्यक्ष श्री ठाकुरनारायण श्रेष्ठको संयोजकत्वमा २ नं. वडाध्यक्ष श्री नारदप्रसाद लम्साल र ४ नं. वडाध्यक्ष श्री नुतनदेव दुलाल सदस्य रहेको ३ सदस्यीय सुझाव तथा सिफारिस समिति गठन गर्ने र सो समितिले ७ दिन भित्रमा प्रतिवेदन पेश गर्ने ।

५) इलाम नगरपालिका वार्ड नं. १२ स्थित साङ्गरुम्वा मा.वि. इलाममा आर्थिक पारदर्शिता नभएको जनगुनासो आएको सन्दर्भमा इलाम नगरपालिका, नगर कार्यपालिकाको मिति २०७५।१।३० गतेको बैठकको निर्णयानुसार ३ सदस्यीय उपसमिति गठन गरी सो उपसमितिले स्थलगत छानबिन गरी मिति २०७५।२।२३ मा कार्यालयमा प्रतिवेदन पेश गरेको र मिति २०७५।२।२७ मा प्रमुख प्रशासकीय अधिकृतज्यूबाट उक्त विद्यालयको खाता रोक्का राख्ने निर्णय भएको, तत्पश्चात यस कार्यालयको मिति २०७५।६।१७ गतेको निर्णयानुसार प्रधानाध्यापकको तलवभत्ता रोक्का राखी अन्य शिक्षक कर्मचारीहरुको तलवी खातामा तलवभत्ता निकासा दिइएको र यस कार्यालयको च.नं. १२५८ मिति २०७५।८।५ को पत्रबाट सो विद्यालयका प्रधानाध्यापकज्यूलाई विद्यालय व्यवस्थापन समितिको निर्णयसहित विद्यालयमा भए गरेका निर्माण कार्य समेतको बिल भरपाई तथा कागजात यस कार्यालयमा ७ (सात) दिन भित्रमा पेश गर्न भनिएकोमा तोकिएको अवधिमा कार्यालयबाट माग गरिए अनुसारका कागजातहरु पेश हुन नआएकोले यस कार्यालयको च.नं. १४५१ मिति २०७५।८।२० को पत्रबाट कार्यालयका सव इन्जिनियर श्री मेघनाथ ढुंगाना र पुजन ताम्राकारलाई उक्त कार्यको स्थलगत निरीक्षण तथा नापजाँच गरी प्रतिवेदन पेश गर्न खटाइएकोमा प्राविधिकहरुबाट प्राप्त प्रतिवेदन अनुसार रु १,००,०००।०० (एकलाख) को बजेटमा रु २७,८२२।३७ (सत्ताइसहजार आठसय बाइस पैसा सैतिस) को मात्र मूल्यांकन भई आंशिक काम भएको देखिएको हुनाले सो आर्थिक अनियमिततासँग सम्बन्धित क्रियाकलापको आवश्यक छानबिनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग काठमाडौमा पठाउने र

तत्सम्बन्धमा आयोगको निर्देशन अनुसार हुने गरी हाललाई प्र.अ. श्री मात्रिका विश्वकर्माको रोक्का राखिएको तलवभत्ता फुकुवा गर्ने निर्णय गरियो ।

६) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं. ४१ मिति २०७५।८।३ को पत्र र अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ को नमुना संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेवसाइटमा अपलोड भएको हुँदा इलाम नगरपालिका क्षेत्रमा अपाङ्गता परिचय पत्र वितरणका लागि सो नमुना कार्यविधि समेतका आधारमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी इलाम नगरपालिका, अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

७) इलाम नगरपालिकाको चालु आ.ब. २०७५।०७६ को स्वीकृत योजनाको कितावको सि.नं. १८२/३११५६ मा रु ५६,००,०००।०० (छपन्नलाख) रकम विनियोजित रहेकोमा सो शीर्षकअन्तर्गत भन्ज्याङ्ग खानेपानी लाइन मर्मत विस्तार योजनामा रु ३,६०,०००।०० (तिनलाख साठीहजार) खर्च गर्ने निर्णय गरियो ।

८) इलाम नगरपालिका, शिक्षा नियमावली, २०७४ अनुरुप शिक्षामा गुणस्तर अभिबृद्धि तथा सामुदायिक विद्यालय गाभ्ने प्रयोजनका लागि समायोजनको कार्य गर्न कार्यपालिका सदस्य तथा सामाजिक विकास समिति संयोजक श्री सीता रिजालको संयोजकत्वमा मिति २०७५।८।२७ को नगर कार्यपालिकाको निर्णयानुसार १ महिना भित्रमा प्रतिवेदन पेश गर्ने गरी समिति गठन भएकोमा सो समयमा कार्य सम्पन्न नभएकोले २०७५ फागुन १० सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

९) इलाम नगरपालिका, नगर कार्यपालिकाको मिति २०७५।१०।४ को बैठकबाट मेडिकल कलेजको लागि जग्गा व्यवस्थापन गर्न नगरपालिकाबाट पहल गर्ने निर्णय भएको हुनाले सो जग्गा खोजी तथा व्यवस्थापनका लागि ९ नं. वडाध्यक्ष श्री श्यामकृष्ण घिमिरेको संयोजकत्वमा १ नं. वडाध्यक्ष श्री अम्बिका घिमिरे, ३ नं. वडाध्यक्ष श्री तिर्थराज गुरुङ्ग, ७ नं. वडाध्यक्ष श्री नरेश श्रेष्ठ, १२ नं. वडाध्यक्ष श्री लाखमान लिम्बु सदस्य रहनु भएको कार्यदल गठन गर्ने निर्णय गरियो ।

१०) आगामी आ.ब. २०७६।०७७ मा इलाम नगरपालिकाको आवधिक योजना तर्जुमा गर्ने र सो आवधिक योजना तर्जुमा गर्ने कार्यमा सहयोगको लागि नेपाल सरकार, सहरी विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

११) इलाम नगरपालिकाको भू उपयोग योजना र नगर यातायात गुरुयोजना कार्यान्वयनका लागि वडा सदस्यहरु र कर्मचारी समेतका लागि कार्यशाला गोष्ठी आयोजना गर्ने निर्णय गरियो ।

१२) आगामी आ. ब. को नीति, योजना तथा कार्यक्रम तर्जुमाका लागि २०७५ फागुन महिनादेखि न.पा. को पूर्वाधार विकास शाखाले दीगो विकास लक्ष्य, नेपाल सरकारको पन्ध्रौ योजनाको आधारपत्र र प्रदेश सरकारको विकास अवधारणा पत्र समेतका आधारमा इलाम नगरपालिकाको आ.ब. २०७५।०७६ को नीति तथा कार्यक्रमको मस्यौदा तयार गर्ने कार्य अगाडि बढाउने निर्णय गरियो ।

१३) नेपाल सरकार, सहरी विकास मन्त्रालयको सघन सहरी विकास कार्यक्रमको एक सहर एक पहिचान कार्यक्रमअन्तर्गत गत आ.ब. मा मन्त्रालयले इलाम नगरपालिकालाई पर्यटकीय सहरको रुपमा पहिचान गरी सो अन्तर्गत खर्कपोखरी निर्माण र सो स्थानदेखि धोवीधारासम्म फुटपाथ तथा रेलिङ्ग निर्माण योजना छनौट गरी सर्भेक्षण समेत भएको तर चालु आ.ब. को बजेट तथा कार्यक्रमा सो कार्यक्रम समावेश नभएको हुनाले आगामी आ.ब. मा सो कार्यक्रम समावेश गरि दिन नेपाल सरकार, सहरी विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।